# दक्षिण ललितपुर ग्रामीण बिद्युत सहकारी संस्था लि.
# आर्थिक प्रशासन विनियमावली-२०७६

दक्षिण ललितपुर ग्रामीण बिद्युत सहकारी संस्था लि. को उद्देश्यअनुरुप लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने हेतुले आर्थिक प्रशासन सम्बन्धी कामहरुलाई व्यवस्थित गर्न आवश्यक भएकोले संस्थाको विनियमको परिच्छेद ७ को दफा ४९ ले दिएको अधिकार प्रयोग गरी संस्थाको आर्थिक कामलाई व्यवस्थित र दक्षताकासाथ सम्पादन गर्ने र संस्थाको समग्र लक्ष्य, उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउने ध्येयले आर्थिक प्रशासन सम्वन्धी विनियमावली तर्जुमा गरी लागू गर्न बाञ्छनीय भएकोले संस्थाको साधारणसभाबाट पारित गरी यो विनियमावली लागू गरिएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

### १. नाम र प्रारम्भ :

(क) यो विनियमावलीको नाम दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लिमिटेडको 'आर्थिक प्रशासन विनियमावली-२०७६' हुनेछ ।

(ख) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

क) 'विनियमावली' भन्नाले दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.को आर्थिक प्रशासन विनियमावली 'संसोधन २०७६ सहित' लाई जनाउनेछ ।

ख) 'संस्था' भन्नाले दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्थालाई जनाउनेछ ।

ग) 'सञ्चालक समिति' भन्नाले संस्थाको साधारण सभाबाट निर्वाचित सञ्चालक समितिलाई सम्झनुपर्छ ।

घ) 'उप-समिति' भन्नाले विनियम वमोजिम साधारण सभा र संचालक समितिले गठन गर्ने उपसमितिहरूलाई जनाउनेछ ।

ङ) 'प्रवन्धक' भन्नाले संस्थाको दैनिक कारोवार र प्रवन्धकीय कार्य सञ्चालन गर्न नियुक्त भएको कार्यालय प्रमुख व्यक्तिलाई जनाउनेछ ।

च) 'विनियम' भन्नाले संस्थाको स्वीकृत विनियम र त्यसमा बेलाबेलामा भएका संसोधनसमेतलाई जनाउनेछ ।

छ) 'आर्थिक वर्ष' भन्नाले श्रावण संक्रान्तिदेखि असारमसान्तसम्मको अवधिलाई जनाउनेछ ।

ज) 'साधारणसभा' भन्नाले संस्थाको साधारणसभालाई जनाउनेछ ।

झ) 'सञ्चालक' भन्नाले संस्थाका सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरुलाई जनाउनेछ ।

### ३. व्याख्या गर्ने अधिकार :

यो विनियमावलीको व्याख्या गर्ने अन्तिम अधिकार संस्थाको साधारण सभालाई हुनेछ ।

### ४. संसोधन गर्ने अधिकार :

यो विनियमावलीको संसोधन गर्ने अधिकार सञ्चालक समितिको प्रस्तावमा साधारण सभालाई हुनेछ ।

### ५. खारेजी र वचाउ :

क) यस विनियमावलीमा उल्लेख भएका कुराहरु यसै अनुसार र विनियमावलीमा उल्लेख नभएका कुराहरु संस्थाको विनियम तथा प्रचलित कानून बमोजिम हुनेछन् ।

ख) यस विनियमावलीमा उल्लेख गरिएका कुराहरु विनियमसँग वा प्रचलित कानूनसंग बाझिएको हदसम्म बदर हुनेछन् ।

## परिच्छेद-२
## कार्यक्रम तथा बजेट

### ६. कार्यक्रम तथा बजेट तयार गरी कार्यान्वयन गर्ने :

क) संस्थाको निर्धारित उद्देश्य तथा लक्ष्य हासिल गर्न प्राथमिकताको आधारमा सञ्चालक समितिले आउने आर्थिक वर्षको वार्षिक कार्यक्रम तथा वजेट तयार गरी चालु आ.व.मा हुने साधारणसभामा पेश गर्नुपर्नेछ ।

ख) समितिले कार्यक्रम तथा वजेट मस्यौदा तयार गर्न निम्नानुसारको कार्यक्रम तथा बजेट मस्यौदा उपसमिति गठन गर्न सक्नेछ ।

| | |
|---|---|
| संयोजक | संस्थाको कोषाध्यक्ष |
| सदस्य | सञ्चालकहरु मध्येबाट १ जना |
| सदस्य | प्रवन्धक/लेखा प्रमुख |

ग) साधारणसभाबाट स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन गर्न कार्यकारी प्रमुख/प्रवन्धकलाई अधिकार दिन सकिनेछ ।

घ)समितिले कार्यक्रम तथा बजेट कार्यान्वयन प्रगति त्रैमासिक रुपमा समीक्षा गर्नुपर्नेछ ।

## परिच्छेद-३
## स्वीकृत बजेट खर्च गर्ने अधिकार

### ७. खरिद वा निमार्ण गर्ने अधिकार:

क) संस्थाको लागि खर्च भै जाने र विद्युत प्रसारण तथा वितरण लाईन मर्मत सम्भारका लागि आवश्यक पर्ने सामान खरिद गर्दा स्वीकृत वार्षिक वजेट र कार्यक्रमभित्र रही निम्नानुसार गर्नुपर्नेछ ।

१. संस्थाले सामान खरिदको लागि प्रत्येक आर्थिक वर्ष कम्पनी, सप्लार्यस वा संघ-संस्थाको सुचिकृत गर्नेछ ।

२. एक पटकमा रु.५०,०००।- सम्मको सामान खरिद गर्दा प्रवन्धक/कार्यालय प्रमुख आफैंले नियमानुसार गर्न सक्नेछ ।

३. एक पटकमा रु ५०,०००।-भन्दा माथि रु.२,००,०००।- सम्मको खर्च भएर जाने सामान र विद्युत प्रसारण तथा वितरण लाइन मर्मत सम्भारका लागि अति आवश्यक पर्ने सामान खरिद गर्दा कोटेशन लिएर प्रवन्धक/कार्यालय प्रमुख र कोषाध्यक्षको निर्णय अनुसार खरिद गर्नु पर्नेछ । उक्त रकम खरिद उपसमितिबाट अनुमोदन गराउनु पर्नेछ ।

३. क) रु.२,००,०००।- देखि रु.५,००,०००।- सम्मका यस्ता खर्च भै जाने सामान र विद्युत प्रसारण वा वितरण लाइनको मर्मत सम्भारका लागि आवश्यक पर्ने सामान खरिद गर्नु पर्दा नियमानुसार कोटेशन लिएर **खरिद उपसमिति**को बैठकको निर्णयले गर्न सकिने छ । यस्तो खरिदको सञ्चालक समितिबाट अनुमोदन गराउनु पर्नेछ । सञ्चालक समितिले यस कार्यका लागि खरिद उपसमिति गठन गरिने छ । यस समितिले संस्थालाई आवश्यक पर्ने व्यवसाय प्रयोजन र सेवा सञ्चालनमा आवश्यक सामान खरिदको व्यवस्था मिलाउने छ । यसका लागि परिच्छेद ५ को दफा १३ को क) मा व्यवस्था भए अनुसार उपसमिति गठन गरिने छ ।

ख) संस्थाका प्रयोगका लागि स्वीकृत वार्षिक कार्यक्रम र वजेट तथा नीति अनुसार यन्त्र, उपकरण, घर, जग्गा, गोदाम, सवारी साधन, ट्रान्सफरमर, विद्युत प्रसारण तथा वितरण लाइनका सामग्री, विशेष मर्मत तथा अन्य स्थायी प्रकृतिका सामान खरिद गर्दा उक्त कार्य सञ्चालक समितिवाट निर्णय गरी मात्र गर्नु पर्नेछ । यस्ता प्रकृतिका सामान खरिद तथा कार्य सम्पादन गर्न कामको प्रकृति हेरी सम्बन्धित विषयको ज्ञान भएको व्यक्ति समावेश हुने गरी ३ सदस्य खरिद उपसमिति गठन गरिनेछ । सञ्चालक समितिले दिएको जिम्मेवारी सम्पन्न भएपछि यस उपसमितिको स्वतः विघटन हुनेछ ।

| | |
|---|---|
| १. संयोजक | - सञ्चालक समितिको अध्यक्ष वा सञ्चालक समितिले तोकेको व्यक्ति |
| २. सदस्य | - सञ्चालक समिति सदस्य - १ जना |
| ३. सदस्य | - साधारण सदस्यहरुमध्येवाट १ जना सदस्य |

ग) उक्त कार्य गर्नका लागि आवश्यक पर्ने प्राविधिक प्रस्ताव, लागत-इष्टिमेट आदि आवश्यक पर्ने प्राविधिकहरु नियुक्त गरी वा तोकी गर्न वा गराउन सक्नेछ ।

घ) स्थानीय निकाय, सरकार वा अरु दातृ निकायहरुबाट प्राप्त हुने ऋण तथा अनुदान बजेटलाई पनि दफा ७ अनुसारकै प्रक्रिया पूरा गरी खर्च गर्नु पर्नेछ । वार्षिक कार्यक्रममा नपरेका यस्ता कार्यहरु आगामी हुने साधारणसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

ङ) विद्युत लाइन वितरण तथा प्रसारण लाइन निमार्णका लागि आवश्यक पर्ने सामान रु ५ लाखसम्म दरभाउपत्र ३ वटा लिई खरिद उप-समितिले खरिद गर्न सक्नेछ । उक्त निर्णय सञ्चालक समितिबाट अनुमोदन गर्नुपर्नेछ ।

च) रु.५,००,०००।-भन्दा माथि रु.२० लाखसम्मका माथि उल्लेखित स्थायी प्रकृतिका सामान खरिद गर्दा न्यूनतम ७ दिनको सूचना प्रकाशित गरी तीनप्रति शिलबन्दी दरभाउपत्र लिएर सञ्चालक समितिको निर्णय अनुसार खरिद गर्नुपर्नेछ ।

छ) रु.२१ लाखभन्दा माथिको सामान खरिद गर्न लागत इस्टीमेट तयार गरी सो को आधारमा वोलपत्र आव्हान गरी गराउनु पर्नेछ ।

**बजेट रकमान्तरण र थप:**

साधारणतया एक शीर्षकमा विनियोजिन गरिएको रकम अर्को शीर्षकमा रकमान्तरण गर्न पाइने छैन । तर विशेष अवस्थामा कुनै शीर्षकमा रकम नपुग भएमा आवश्यकता र प्रयोजन हेरी सञ्चालक समितिले बजेट शीर्षकमा थप वा रकमान्तरण गर्न यसले वाधा पुर्‍याएको मानिने छैन । उक्त थप तथा रकमान्तरण गरिएको वजेट साधारण सभाबाट अनुमोदन गर्नु पर्नेछ ।

## ९. खाता सञ्चालन:

क) विनियम बमोजिम वा विनियममा नतोकेको भए पनि संस्थाको सम्पूर्ण रकम बैंकमा संस्थाको नाममा खाता खोली राखिने छ ।

ख) यस्तो खाताको सञ्चालन संस्थाको अध्यक्ष, कोषाध्यक्ष र प्रबन्धकमध्ये कुनै दुईको संयुक्त दस्तखतबाट गरिनेछ ।

## १०. बैंकबाट भुक्तानी दिने:

क) संस्थामा हुने सानातिना खर्च भुक्तानी गर्दा रु.५००००।-सम्मको सानो नगदी कोष खडा गर्न सकिनेछ ।

ख) संस्थाले फुटकर कारोवारको भुक्तानी सानो नगदी कोषबाट गरिने छ । उक्त कोषबाट भुक्तानी गर्न नपुग रकम वा सो भन्दा वढी रकमको भुक्तानी चेकद्वारा गर्नु पर्नेछ ।

## ११. लेखा:

क) संस्थाले सहकारी ऐन, नियमावली, विनियमावलीमा तोकिए बमोजिमका खाताहरु राख्नु पर्नेछ ।

ख) संस्थामा आर्थिक कारोवार हुनासाथ त्यसको लेखा स्पष्ट, व्यवस्थित र अध्यावधिक किसिमले राख्नुपर्नेछ ।

ग) उपनियम (ख) अनुसार प्रत्येक आर्थिक कारोवारको लेखा राख्दा सो कारोवारलाई पुस्ट्याइ गर्ने विल, भौचर, रसिद, भर्पाइ, सम्झौता पत्र वा यस्तै प्रकारका अन्य कागजातहरुसमेत समावेश गर्नुपर्नेछ ।

घ) संस्थामा प्रत्येक दिन प्राप्त भएको नगद वा जिन्सी मालसामानलाई निम्न बमोजिम गर्नु पर्नेछ :

१) विक्रीबाट प्राप्त नगद रसिद काटी दैनिक आम्दानी बाध्नु पर्नेछ । यसरी प्राप्त नगदलाई यथासम्भव सोही दिन र नभ्याए मात्र भोलिपल्ट बैंक दाखिला गर्नु पर्नेछ ।

२) संस्थामा प्राप्त हुन आएको जिन्सी/मालसामान जिन्सी खातामा आम्दानी बाध्नु अनिवार्य हुनेछ ।

३) जिन्सी मालसामानहरु (खर्च नहुने) संस्थालाई अनुदान स्वरुप प्राप्त भएमा सो को नगद मूल्याङ्कनका लागि सञ्चालक समिति आफैं वा सञ्चालक समितिले ३ सदस्यीय मूल्याङ्कन समिति गठन गर्न सक्नेछ ।

४) विद्युत वितरण वा प्रसारण लाइन सम्बन्धी जिन्सी सामानहरुको छुट्टै जिन्सी खाता राख्नु पर्नेछ ।

## परिच्छेद - ४
## पूँजी

**१२. पूँजी परिचालन र लगानी :**

क) सदस्यहरुलाई शेयर बिक्री गरी सङ्कलन गरिएको पूँजीलाई संस्थाले व्यापार वा कुनै लगानी नगरेको अवस्थामा सबभन्दा बढी व्याज दिने उपयुक्त बैंकमा जम्मा गर्नु पर्नेछ ।

ख) संस्थाको कामको प्रकृति र उद्देश्य अनुसारको सामानको व्यापार गर्नको लागि लगानी गर्न सक्नेछ तर यसरी लगानी गरेको हिसावलाई छुट्टै व्यवस्थित गर्नु पर्नेछ ।

ग) सहकारी तथा बैंक र अन्य राम्रो नाफा कमाउन सक्ने संस्थाहरुको शेयर खरिद गर्न सक्नेछ ।

घ) संस्था स्वयम् वा संयुक्त लगानीमा विद्युत उत्पादन तथा विद्युतिय सामानको उत्पादन तथा व्यापारको काम गर्न सक्नेछ ।

ङ) संस्थाले आफूसँग भएको पूँजीबाट आफ्नो कार्यक्षेत्रभित्र विद्युत खपत हुने योजना, व्यवसाय वा उद्यमशिलता प्रवर्द्धन कार्यका लागि कर्जा प्रवाह गर्न सक्नेछ । यसका लागि व्यवसाय प्रवर्द्धन तथा घुम्तीकोष परिचालन निर्देशिकामा व्यवस्था भए अनुसार हुनेछ ।

च) उक्त कोष परिचालनका लागि व्यवसाय प्रवर्द्धन तथा घुम्तीकोष परिचालन उपसमितिको व्यवस्था हुनेछ ।

## परिच्छेद -५
## मालसामान खरिद तथा बिक्रीको व्यवस्था

**१३. मालसामान खरिद तथा बिक्री :**

क) संस्थाले आफ्नो प्रयोगको लागि वा कारोवार (व्यापार) सञ्चालन गर्न आवश्यक मालसामान खरिद उप-समितिको निर्णयबाट नियमानुसार खरीद गर्न सक्नेछ ।

१. संस्थाले कुनै खास प्रकारको व्यापार व्यवसाय गर्नका लागि निम्नानुसार ३ सदस्यीय खरिद उपसमिति गठन गर्न सक्नेछ ।

| | |
|---|---|
| १.१) सञ्चालक समिति सदस्यमध्ये एक जना | संयोजक |
| १.२) सञ्चालक समिति सदस्यमध्ये एक जना | सदस्य |
| १.३) शेयर सदस्यमध्ये एक जना सदस्य | सदस्य |

२) यस्तो समितिले सामान खरिद गर्दा उत्पादक वा थोक बिक्रेताबाट मूल्य घटाघटको आधारमा खरिद गर्नु पर्नेछ ।

३) सामानको गुणस्तर, बजार मूल्य, बिक्री दर आदि बिश्लेषण गरी खरिद गर्ने र बिक्री दर निर्धारण गर्नु पर्नेछ ।

४) यस संस्थालाई आवश्यक पर्ने विभिन्न प्रकारका सामान तथा संस्थाबाट बिक्री वितरणको लागि खरिद गर्ने सामानहरु खरिदका लागि प्रत्येक आ.व मा सामान उत्पादक तथा सप्लायर्सहरु सूचिकृत गरी सूचिकृतमध्येबाट तत्कालिन दरभाउको आधारमा सामान खरिद गर्न सकिन्छ । तर परियोजना(कार्यक्रम) तथा स्थायी प्रकृतिका कार्यालय प्रयोजनका सामानहरु खरिद गर्दा दफा ७ 'क' को ३ 'क' अनुसार प्रक्रिया पूरा गरी खरिद गर्न सकिने छ ।

ख) ढुवानी व्यवस्था, लिलाम बिक्री गर्ने आदि पनि प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

## परिच्छेद -६
## सम्पतिको जिम्मा, लगत, निरीक्षण र बरबुझारथ

### १४. सम्पतिको जिम्मा, लगत, निरीक्षण र बरबुझारथ :

क) संस्थामा रहेको सम्पूर्ण नगद तथा जिन्सी सम्पतिहरु सञ्चालक समितिको मातहत प्रबन्धक वा निजको मातहत कर्मचारीको जिम्मामा हुनेछ ।

ख) प्रबन्धक र अन्य कर्मचारीको जिम्मामा रहेको सम्पतिको संरक्षण सम्भार र चालु अवस्थामा राख्ने दायित्व प्रबन्धकको हुनेछ । साथै सम्पति हिनामिना भएमा निजहरु नै जवाफदेही हुनुपर्नेछ ।

### १५. सम्पतिको लगत:

संस्थामा रहेको र खरिद गरी वा नगरी सहायतामा प्राप्त हुन आएका सम्पतिहरुलाई लगत तयार गरी स्रेस्ता अद्यावधिक राख्नु पर्नेछ ।

### १६.सम्पतिको निरीक्षण:

संस्थामा रहेको सम्पतिको वर्षमा कम्तीमा २ पटक निरीक्षण गरी प्रतिवेदन तयार गरी समितिमा पेश गर्नु पर्नेछ ।

### १७. सम्पतिको बुझबुझारथ:

क) नगदी, जिन्सी, मालसामान तथा स्रेस्ताको जिम्मा लिने कर्मचारी वा प्रबन्धक वा सञ्चालक सरुवा, वढुवा, निलम्बन, अवकास वा संस्था छोडी जाँदा १५ दिन भित्र बुझ बुझारथ गर्नु पर्नेछ । बुझिलिनेले तुरुन्त बुझिलिनु पर्नेछ ।

ख) उपनियम (क) अनुसार बझबुझारथ हुँदा सम्पतिको हानी नोक्सानी भएको देखिएमा सञ्चालक समितिले नोक्सानी बराबरको मूल्य असुल उपर गरी निजमाथि प्रचलित कानून बमोजिम कार्वाही समेत गर्न सक्नेछ ।

## परिच्छेद -७
## दण्ड सजाय तथा क्षतिपूर्ति

### १८. दण्ड सजाय:

संस्थाको कुनै सञ्चालक वा प्रवन्धक वा कर्मचारीले तोकिएको अधिकार बमोजिम समितिद्वारा समय समयमा गरिएका निर्णयहरु कार्यान्वयन नगरी वा आफूले गर्नुपर्ने काम कर्तव्यनिष्ठ भई इमान्दारी तथा प्रभावकारी ढङ्गले नगरी वा लापरवाही गरी संस्थालाई हानी नोक्सानी पुऱ्याएमा समितिले नियमानुसार वा प्रचलित कानून अनुसार कारवाही गरी दण्ड सजायसमेत गर्न सक्नेछ ।

### १९. क्षतिपूर्ति:

क) नियम १८ बमोजिम संस्थालाई हुन गएको हानी नोक्सानी सञ्चालक समितिले सम्बन्धित व्यक्तिबाट निजले संस्थाबाट पाउने रकम वा निजले संस्थामा राखेको धितो सम्पति रकम वा अन्य कुनै तरिकाबाट प्रचलित कानून र नियमानुसार असुल उपर गर्नेछ ।

ख) संस्थाको कामको सिलसिलामा सञ्चालक समिति, उपसमिति वा कर्मचारी दुर्घटनामा परी घाइते वा मृत्यु भएमा संस्थाले घटनाको प्रकृति हेरी सहयोग दिन सक्नेछ ।

## परिच्छेद ८
## तलब, भत्ता, तथा अन्य सुविधा

### २०. तलव भत्ता तथा दैनिक भ्रमण भत्ताः

क) कर्मचारीको तलव भत्ता र सुबिधा सञ्चालक समितिले तोके अनुसार हुनेछ । सञ्चालक समितिले आवश्यकता अनुसार थपघट गर्न सक्नेछ ।

ख) दैनिक भ्रमणभत्ता सञ्चालक समितिले तत्कालिन अवस्थालाई ध्यान दिई बैठकबाट निर्णय गरे बमोजिम हुनेछ ।

ग) सञ्चालक समितिले आवश्यक ठानेका कामहरु सञ्चालक समिति, सञ्चालक समिति सदस्य एवं शेयर सदस्यलाई निश्चित काम तोकी काममा लगाउन सक्नेछ । यस्तो काम गरे वापत पाउने पारिश्रमिक वा सुविधा/भत्ता सञ्चालक समितिले तोके अनुसार हुनेछ ।

घ) सञ्चालक समितिले कुनै काम गर्नका लागि सञ्चालक समिति वा कर्मचारी वा शेयर सदस्यलाई कार्यक्षेत्रको काममा पठाउँदा यातायात खर्च दिन सक्नेछ । उक्त यातायात खर्च अनुसूचीमा उल्लेख भए अनुसार हुनेछ ।

ङ) सञ्चालक समिति वा अन्य उपसमितिहरुको बैठक भत्ता सञ्चालक समितिले तोके अनुसार हुनेछ ।

च) संस्थाको कार्यक्षेत्रभित्र सञ्चालक समितिले तोकेको काम सञ्चालक समितिका सदस्य वा शेयर सदस्यलाई काममा लगाउन सकिनेछ । यसरी काम गरे वापत दैनिक रु.१५००।- र अनुसूचि १ मा उल्लेख भए अनुसारको यातायात खर्च दिइनेछ ।

छ) संस्थाको कामको प्रकृति र आवश्यकतालाई हेरी संस्थाको नियमित कामको संयोजन, परियोजना निर्माण, सञ्चालन वा समन्वयका लागि सञ्चालक समितिले विशेष निर्णय गरी पदाधिकारी वा सञ्चालक सदस्यबाट पनि काममा लगाउन सक्नेछ । यसरी काम गर्ने व्यक्तिलाई कामको शिलशिलामा लाग्ने सञ्चार र यातायात खर्च साथै दैनिक भत्ताको व्यवस्था सञ्चालक समितिबाट तोके अनुसार हुनेछ ।

ज) संस्थाको संचालक एवं शेयर सदस्यबाट संस्थाको काम लगाउँदा कामको जिम्मेवारी तोकी एक पटकमा वढीमा ७ दिनको लागि काज संस्थाको कार्यक्षेत्रभित्र अध्यक्षबाट स्वीकृत गराएर काम गराउन सकिनेछ र सो भन्दा वढी दिनको लागि काज खटाउनु पर्दा अध्यक्षबाट स्वीकृति गराई सञ्चालक समितिबाट अनुमोदन गराउनु पर्नेछ । साथै कर्मचारीहको काज बढीमा ५ दिन सम्म कार्यालय प्रमुख/प्रबन्धकले गर्नेछ र ५ दिनभन्दा माथिको काज स्वीकृति अध्यक्षबाट गराउनुपर्ने छ ।

झ) कर्मचारी नियुक्त हुँदाका वखत यातायात खर्च पाउने गरी नियुक्ती गरेको भएमा अनुसूचीमा उल्लेख भए अनुसार यातायात खर्च दिइनेछ ।

ज) देशभित्रका विभिन्न ठाउँमा संस्थाको काममा जाँदा सञ्चालक समिति सदस्य वा कर्मचारीहरुले निम्नानुसारका सुविधा पाउने छन् :

१) यातायात खर्चका लागि भ्रमण क्षेत्रमा भ्रमण गर्दा लागेको वास्तविक यातायात खर्च पाउनेछन् । यदि यातायातको प्रयोगका लागि हवाइ यातायात प्रयोग गर्नुपर्ने भएमा संस्थाको अध्यक्षको निर्णयानुसार हुनेछ । अध्यक्षले उक्त खर्चको सहमति लगत्तै बस्ने सञ्चालक समितिको बैठकबाट निर्णय गराउनु पर्नेछ ।

२) संस्थाको कामको शिलशिलामा उपत्यका बाहिर गई रात बिताएर काम गरी आउनु पर्ने भएमा रात विताएको दिनको प्रतिदिन रु.२०००।- र रात नविताई फर्किएको अवस्थामा रु.१५००।- भ्रमण खर्च भूक्तानी दिइने छ । यस्ता कार्य भ्रमण आदेशबाट गर्नु पर्नेछ । यदि तुरुन्त गर्नुपर्ने भएमा अध्यक्षको निर्णय अनुसार हुने र लगत्तै बस्ने सञ्चालक समितिको वैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

झ) संस्थाको कामको शिलशिलामा विदेश भ्रमण गर्नुपर्ने भएमा सञ्चालक समितिको निर्णयअनुसार खर्च हुनेछ । परियोजनाहरुको शिलशिलामा हुने भ्रमणका हकमा परियोजनामा वजेट व्यवस्था भए अनुसार हुनेछ ।

### २१.दैनिक भ्रमण भत्ता पेश्की पाउनेः

नियमानुसार पाउने दैनिक भ्रमण भत्ता पेश्कीको रुपमा पनि दिन सकिनेछ ।

### २२. अन्य सुबिधाहरुः

समिति एवम् उपसमितिहरुको बैठक भत्ता तथा अन्य सुविधा समितिले तोकेबमोजिम हुनेछ ।

## २३. सुविधा थपघट गर्न सकिने:

यस परिच्छेदमा संस्थाका कर्मचारी तथा सञ्चालकहरुले पाउन सक्ने सुबिधाहरुको सम्बन्धमा जे सुकै कुरा लेखिएको भए तापनि संस्थाको आर्थिक क्षमतालाई बिचार गरी समितिले कुनै किसिमको सुविधा पनि थपघट गर्न सकिनेछ ।

२४. यस सहकारी संस्थाको आर्थिक प्रशासन विनियमावली -२०६१ र त्यसपछि संशोधन भएका विषयहरु यसै विनियमावलीभित्र समावेश भएको मानिनेछ ।

### अनुसूचि १
### यातायात भाडा

| क.स. | प्रस्थान स्थान | अन्तिम स्थान | वस, मिनि ट्रक | कैफियत |
|---|---|---|---|---|
| १ | चापागाउँ | नल्लु | प्रचलित दर रेट | एकतर्फी भाडा |
| २ | चापागाउँ | भारदेउ | प्रचलित दर रेट | |
| ३ | चापागाउँ | चौघरे | प्रचलित दर रेट | |
| ४ | चापागाउँ | दलचोकी | प्रचलित दर रेट | |
| ५ | चापागाउँ | तिनपाने | प्रचलित दर रेट | |
| ६ | चापागाउँ | झाक्रीडाँडा | प्रचलित दर रेट | |
| ७ | चापागाउँ | छपेली | प्रचलित दर रेट | |
| ८ | चापागाउँ | देवीचौर | प्रचलित दर रेट | |
| ९ | चापागाउँ | जौवारी | प्रचलित दर रेट | |
| १० | चापागाउँ | घुसेल | प्रचलित दर रेट | |
| ११ | चापागाउँ | कतवन | प्रचलित दर रेट | |
| १२ | चापागाउँ | उन्यूचौर | प्रचलित दर रेट | |
| १३ | चापागाउँ | शंखु | प्रचलित दर रेट | |
| १४ | चापागाउँ | गोटिखेल | प्रचलित दर रेट | |
| १५ | चापागाउँ | चन्दनपुर | प्रचलित दर रेट | |
| १६ | चापागाउँ | इकुडोल | प्रचलित दर रेट | |
| १७ | चापागाउँ | कालेश्वर | प्रचलित दर रेट | |
| १८ | चापागाउँ | माल्टा | प्रचलित दर रेट | |
| १९ | चापागाउँ | प्युटार | प्रचलित दर रेट | |
| २० | चापागाउँ | आश्राङ | प्रचलित दर रेट | |
| २१ | चापागाउँ | ठुलादुर्लुङ | प्रचलित दर रेट | |
| २२ | चापागाउँ | गिम्दी | प्रचलित दर रेट | |
| नोट : तत्कालिन अवस्थाको चालु भाडादरलाई आधार मानिनेछ । | | | | |

## अनुसूचि २

## उपत्यका वाहिरको यातायात भाडाको विवरण

| क्र.सं. | प्रस्थान स्थान | अन्तिम स्थान | यातायातको साधन | | |
|---|---|---|---|---|---|
| | | | वस | ....... | कैफियत |
| १ | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोट : तत्कालिन अवस्थाको चालु भाडादरलाई आधार मानिनेछ ।

## अनुसूचि ३

## उपत्यका भित्रको यातायात भाडाको विवरण

| क्र.सं. | प्रस्थान स्थान | अन्तिम स्थान | यातायातको साधन | | |
|---|---|---|---|---|---|
| | | | वस | ....... | कैफियत |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोट : तत्कालिन अवस्थाको चालु भाडादरलाई आधार मानिनेछ ।

## अनुसूचि ४
## सञ्चालक समिति/ उपसमितिहरुको  वैठक भत्ता

| क्र.स. | समिति/ उपसमितिहरुको नाम | प्रति सदस्य रकम | अधिकतम वैठक सिमा | कैफियत |
|---|---|---|---|---|
| १ | सञ्चालक समिति | | आवश्यकता अनुसार | |
| २ | लेखा तथा सुपरीवेक्षण समिति | | आवश्यकता अनुसार | |
| ३ | अन्य उप-समिति | | आवश्यकता अनुसार | |

**नोट : तत्कालिन आवश्यकताको आधारमा तोकिएभन्दा वढी वैठक वस्न पनि सकिनेछ। यस विषयलाई सञ्चालक समितिवाट प्रमाणित गरिनुपर्छ।**